Website: besishaharmun.gov.r
Email: info@besishaharmun.gov.r
eo@besishaharmun.gov.r

# बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फ्याक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२०१५०

पत्र संख्या :२०७७/०७८
च.नं.

**सेवा करारमा परामर्शदाता इन्जिनियर लिने सम्बन्धी सूचना**
**प्रथम पटक सूचना प्रकाशन मिति २०७८/०१/१४**

नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभागको पहलमा स्थानिय तहहरुको खानेपानी तथा सरसफाई योजना (WASH plan ) निर्माण गर्न जम्मा १७५ दिनका लाग १ जना परामर्शदाता सिभिल इन्जिनियर सेवा करारमा लिनु पर्ने भएकाले निम्न योग्यता भएका व्यक्तिले ७ (सात) दिन भित्र यस कार्यालयमा माग भए बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**तपसिल**

| सि नं. | पद | आवश्यक संख्या | न्युनतम शैक्षिक योग्यता | परीक्षाको किसिम | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | परामर्शदाता इन्जिनियर | १ | सिभिल इन्जिनियरिङ विषयमा स्नातक तह उतिर्ण गरेको | अन्तर्वार्ता | १०००।- |

**१.शर्तहरु :**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ बिषयमा स्नातक तह उतिर्ण गरेको हुनुपर्नेछ ।
- खानेपानी सरसफाई तथा स्वच्छता( WASH) को क्षेत्रमा कम्तीमा ३ महिनाको कार्य अनुभव भएको हुनुपर्नेछ ।
- परामर्शदाता (इन्जिनियर) सँग आफ्नै एण्ड्रोइड मोबाइल/ट्याबलेट र ल्यापटप हुनुपर्नेछ ।
- NWASH-MIS एप्लीकेशन प्रयोग सम्बन्धी ज्ञान भएकोलाई प्राथमिकता दिइनेछ ।

**२.सेवा सुविधा र जिम्मेवारी :** नेपाल सरकार खानेपानी मन्त्रालयले तयार गरेको वाश प्लान तयारी खर्च निर्देशिका र TOR बमोजिम हुनेछ ।

**३. उमेर** :- २१ वर्ष पूरा भै ४५ वर्ष ननाघेको ।

**४. दरखास्त दिने स्थान** : - बेसीशहर नगरपालिका ।

**५. दरखास्त दिने अन्तिम मिति** : २०७८/०१/२० गते कार्यालय समयभित्र ।

**६. दरखास्त दस्तुर** :- १०००।-

**७. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु** :निवेदक स्वयंले प्रमाणित गरेका देहाय बमोजिमका कागजातका प्रतिलिपिहरु

✓ नागरिकता प्रमाणपत्रको प्रतिलिपि
✓ न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
✓ अनुभव खुल्ने कागजात प्रतिलिपि, २ प्रति पासपोर्ट आकारको फोटो र बायो डाटा ।

**८. सम्पर्क मिति** :-दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट ।

**९. अन्तवार्ता मिति**:-सम्पर्क मितिमा तोकिने छ ।

**द्रष्टव्य-**

दरखास्त दिने अन्तिम मिति तथा अन्तर्वार्ता मितिका दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट दरखास्त तथा अन्तर्वाता लिइने छ । अन्य जानकारीको लागि यस कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्नुहोला ।

२०७८.०१.१४

लिला वल्लभ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

लिला वल्लभ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत